# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८२/८३
च.नं : २५४

मिति : २०८२/०५/१५

**विषयः समुदायमा आधारित नगर सरसफाई अभियान संचालन सम्बन्धमा।**

श्री वडा कार्यालयहरु (सबै)
श्री नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयहरु (सबै)
श्री विद्यालयहरु (सामुदायिक तथा संस्थागत सबै)
श्री स्वास्थ्य संस्थाहरु (सबै)
श्री उद्योग वाणिज्य संघ, शितगंगा नगरपालिका
श्री सामुदायिक बन (सबै)
श्री गैरसरकारी संस्था (सबै)
श्री सामुदायिक संघ संस्था (सबै)
श्री सहकारी संघ संस्था (सबै)
श्री संचारकर्मि (सबै)
श्री सरोकारवाला (सबै)

प्रस्तुत विषयमा सफा नगर, स्वस्थ र खुसी नगरबासीको चाहनालाई मूर्त रूप दिन शीतगंगा नगरपालिकाले मिति २०८२।०५।०८ देखि " समुदायमा आधारित नगर सरसफाई अभियान" प्रारम्भ गरेको हुँदा संलग्न कार्ययोजना बमोजिम नियमित रुपमा सरसफाई अभियान संचालन गर्नुहुन अनुरोध छ ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ :**

१. श्रीमान् नगर प्रमुख ज्यू
२. श्रीमान् उपप्रमुख ज्यू

## समुदायमा आधारित नगर सरसफाई अभियान कार्यन्वयन कार्ययोजना

१. **घर आँगन सरसफाईः**

- प्रत्येक घरले बिहान र बेलुकी आफ्नो आँगन सफा गर्ने।
- टोलका सदस्यहरूले एकसाथ घरघरमा अनुगमन गरेर सरसफाई सुनिश्चित गर्ने।
- "सफा घर, सफा टोल" भन्ने नारासहित "समुदाय जागरण अभियान" संचालन गर्ने ।

२. **सडक सफाई टोली गठनः**

- प्रत्येक टोलमा स्वयंसेवक सफाई टोली गठन गर्ने ।
- टोलीले मुख्य सडक, गल्ली, चोक र सार्वजनिक स्थल नियमितरुपमा सफा गर्ने।
- टोलीमा युवा, विद्यार्थी, शिक्षक र आमा समूहलाई समावेश गर्ने।

३. **साप्ताहिक सामूहिक सरसफाई दिवसः**

- हरेक शनिबार बिहान टोलस्तरमा सामूहिक सरसफाई गर्ने ।
- स्कुल, स्वास्थ्य संस्था, सहकारी र स्थानीय व्यवसायीहरुसँग समन्वय गर्ने ।
- वडा कार्यालयले सहभागिहरूलाई स्थानीय उत्पादनमा आधारित सरसफाई उपकरण (झाडू, डोका, झोला) उपलब्ध गराउने।

४. **विद्यालय समुदाय सहभागिताः**

- विद्यार्थीहरूलाई आफ्नो कक्षा, खेलमैदान र घर वरिपरिको क्षेत्र सफा गर्न सक्रिय बनाउने।
- शिक्षक र अभिभावकलाई पनि सहभागी गराएर सरसफाई सम्बन्धी सचेतना दिने।
- "सफा स्कूल, सफा टोल" कार्यक्रम संचालन गर्ने ।

५. **धार्मिक तथा सार्वजनिक स्थल सफा राख्ने अभियानः**

- मन्दिर, चौतारो, पोखरी, पार्क जस्ता सार्वजनिक स्थल हरेक हप्ता सफा गर्ने।
- स्थानीय भक्त, समुदाय र संस्थासँग सहकार्य गरेर दिगोपना सुनिश्चित गर्ने।

६. **सडक किनारा र सार्वजनिक चोक सफा राख्नेः**

- सडक किनार, सार्वजनिक पार्क, चोक र बजार क्षेत्र हरेक दिन बिहान/साँझ समुदायद्वारा सफा गर्ने।
- समुदायमा आधारित स्वयंसेवकले सरसफाईको निगरानी गर्ने ।

७. **सार्वजनिक सचेतना र जागरण कार्यक्रमः**

- टोलस्तरमा नारा लेखन, भित्ते चित्र, नाटक, सडक नाटक, गीत संगीत मार्फत सरसफाईको महत्त्व बुझाउने।
- घरदैलो र टोलसभा मार्फत नागरिकलाई अभियानमा सहभागी गराउने।

८. **बालबालिका र युवाको सहभागिताः**

- युवा क्लब र विद्यार्थी संगठनमार्फत सडक र सार्वजनिक स्थल सफा राख्ने।
- सरसफाईलाई खेलकुद, गीत संगीत, प्रतियोगिता र पुरस्कारसँग जोड्ने।

९. **प्रतियोगिता र प्रोत्साहनः**

- "सबैभन्दा सफा टोल", "सफा विद्यालय", "सफा व्यवसाय/संस्था" को मूल्याङ्कन गरी पुरस्कार प्रदान गर्ने ।
- टोलस्तरमा प्रेरणादायी बोर्ड राखेर अन्य टोललाई सरसफाईमा सक्रिय गराउने।

१०. **अनुगमन, मूल्याङ्कन र प्रोत्साहनः**

- नगरपालिका र वडा कार्यालयले प्रत्येक टोल, विद्यालय र संस्थाको सरसफाई नियमित अनुगमन गर्ने ।
- उत्कृष्ट टोल वा व्यक्तिलाई प्रशंसा पत्र, प्रमाणपत्रद्धारा सम्मान गर्ने ।
- नियमित समीक्षा बैठकमार्फत सुधार र नयाँ योजना कार्यान्वयन।

५।१५

प्रमुख प्रशासकीय अधिकृत